Reg. No. 681 SWC Aff. No. 15556

दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :

# राष्ट्रिय दलित नेटवर्क नेपाल

# Rastriya Dalit Network (RDN)Nepal

केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं

## बधुवा मजदूर मुक्त नेपाल एक ऐतिहासिक उपलब्धी ।

राष्ट्रिय दलित नेटवर्क (RDN) नेपाल वि.सं.२०५७ भाद्र ६ गतेका दिन दलित समुदायका बहुआयामिक समस्याहरुको दीर्घकालिन समाधानका लागि जातीय छुवाछूत र भेदभाव विनाको अर्को नेपाल संभव छ, आउनुहोस निर्माण गरौं भन्ने मूल नाराकासाथ स्थापना गरिएको थियो । RDN नेपालको स्थापनमा उठाएका कतिपय मुद्दाहरु स्थानीय हुँदै राष्ट्रिय अनि अन्तराष्ट्रियकरण भई सही ढंगले संबोधन भएका छन् । हलिया मुक्ति तथा पुन:स्थापना पश्चात उस्तै समस्याका रुपमा रहेको पूर्वी नेपालको हरवाचरवाको मुक्तिको आन्दोलनमा RDN नेपालको नेतृत्वदायी भूमिकाका कारण यही २०७९ श्रावण २ गते सम्माननीय प्रधानमन्त्रीज्यूले नेपाल सरकारका माननीय मन्त्रीहरू, माननीय साँसदहरु, संवैधानिक आयोगका प्रमुख तथा प्रतिनीधिहरु, उच्च पदस्थ कर्मचारीहरुसहित हलिया, कमैया तथा हरवाचरवा आन्दोलनका अगुवाहरुको उपस्थिति रहेको एक भव्य समारोहका बीच अनुचित ऋणको खारेजीसहित हरवाचरवा मुक्तिको घोषणा गर्नु भएको छ । हरवाचरवाको मुक्तिको घोषणासँगै अब नेपालमा सामन्तवादका अवशेषहरुका रुपमा रहेको प्रथाहरु औपचारिकरुपमा अन्त्य भएका छन र **नेपाल बधुँवाप्रथा मुक्त राष्ट्र** भएको छ । RDN नेपालले स्थापनाकालदेखि नै कमैया, हलिया तथा हरवाचरवाप्रथाको अन्त्य गर्ने लक्षकासाथ आन्दोलनको निर्माण गरेको हुनाले यो वर्षको स्थापना दिवसका सन्दर्भमा गौरव अनुभूति गर्दै देशैभरिका मुक्त कमैया, कम्लरी तथा हलिया विशेषगरी हरवाचरवाप्रथाको जीवन व्यथित गर्नु भएका दाजुभाइ तथा दिदिबहिनीहरुप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्न चाहन्छौं ।
यस ऐतिहासिक दिवसका सन्दर्भमा सर्वप्रथम नेपाल सरकारलाई हरवाचरवा पुन:स्थापना तथा कमैया कमलरी तथा हरलियाहरु जो अझै पुन:स्थापना हुन बाँकी छन ् उनीहरुको पुन:स्थापनाका लागि संविधानसभा सदस्य श्याम श्रेष्ठको संयोजकत्वमा गठित मुक्त कमैया, कम्लहरी, हलिया र हरवाचरवा सम्वन्धी वस्तुस्थितिको अध्ययन प्रतिवेदन २०७९ को अक्षरस: कार्यान्वन गर्न जोडदार माग गर्दछौं । साथै एक कार्यान्वयन संरचनाको गठन गरी आगामी निर्वाचन पूर्व मुक्त हरवाचरवाको तथ्याँक संकलन गर्ने काम सम्पन्न गर्न माग गर्दछौं । साथै, आफ्नो हकहितका लागि जसरी मुक्तिको आन्दोलनमा बन्धनको प्रवाह नगरी सक्रीयतापूर्वक त्याग गर्नु भयो त्यसैगरी पुन:स्थापनाको आन्दोलनमा अझ सशक्त रुपमा एक भएर लाग्न मुक्त हरवाचरवा, हलिया तथा कमैया र कम्लरी आन्दोनका अगुवाहरुलाई आव्हान गर्दछौं । र यस आन्दोलनमा स्वदेश तथा विदेशबाट सहयोग गरिरहनु हुने न्यायप्रमी समुदायमा अझ फदायी साथ र सहयोगको लागि आव्हान गर्न चाहन्छौं । साथै पुन:स्थापनाका काममा निरनतर निगरानी गर्न मानवअधिकार तथा न्यायका पक्षधर सम्पूर्ण राजनीतिक दल, स्थानीय जनप्रतिनीधिहरु, नागरिक समाज, प्राध्यापक, शिक्षक, वकिल तथा संचारकर्मी मित्रहरुलाई अनुरोध गर्न चाहन्छौं ।

आज राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको २२औं स्थापना दिवसको अवसरमा यसका संस्थापकहरु, सामाजिक रुपान्तरणको अभियानका साझेदारहरु, आबद्ध महासंघ, नेटवर्क तथा एलाइन्सहरु, मानवअधिकार तथा नागरिक संगठनका अगुवाहरु, दलित राजनीतिक संगठनहरु, दलित एक्टिभिष्टहरु, RDN नेपालका सबै तहका साथीहरु र आम दलित समुदायप्रति हार्दिक आभार व्यक्त गर्दै दलित अधिकार दशक २०३० को अभियानमा सदाझैं पक्तिबद्ध हुन आव्हान गर्दै हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**मिति: २०७९/०५/०६**

**गणेश बि.के.**
**केन्द्रीय अध्यक्ष**